Email : pmamp.piu.parsa@gmail.com
Mobile : 9855036412

# नेपाल सरकार
## कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
## परियोजना कार्यान्वयन एकाइ, पर्सा

प.सं. : ०७८/०७९

च.नं. : ९५ ।

मिति: २०७८/०८/०३

१. **श्री नगर/गाँउ कार्यपालिकाको कार्यालय**
   - क. श्री बहुदरमाई नगरपालिका
   - ख. श्री पोखरीया नगरपालिका
   - ग. श्री कालिकामाई गाँउपालिका
   - घ. श्री जगरनाथपुर गाँउपालिका

२. **श्री कृषि ज्ञान केन्द्र, पर्सा**

विषयः सूचना टाँस गरिदिने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस एकाइ अन्तर्गतको तरकारी जोन (**अनुसरण**) लागु भएका कार्यक्षेत्र भित्रका इच्छुक **कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समिति/कृषि उद्यमीहरु**लाई आ.व.२०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसारको सम्बन्धित बालीको ब्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रममा सहभागी हुनका लागि प्रस्ताव आह्वान सम्बन्धमा प्रकाशित सूचना थान-१, न्यूनतम समर्थन मूल्यमा धान खरिदका लागि सूचीकृत हुने सम्बन्धि सूचना थान-१ र चक्लाबन्दी खेती मार्फत न्यूनतम ५ हे क्षेत्रमा पोखरी निर्माण तथा माछा उत्पादन कार्यक्रममा सहभागिताका लागि प्रस्ताव आह्वान सम्बन्धि प्रकाशित सूचना थान-१ गरी जम्मा ३-थान सूचना यसै पत्रसाथ संलग्न गरी पठाईएको छ । उक्त सूचना तहाँ कार्यालयको सूचना पाटी, कृषि शाखा तथा मातहतको निकायमा टाँस गरिदिनु हुन तथा सो को जानकारी यस एकाइमा उपलब्ध गराइ दिनुहुन सादर अनुरोध छ ।

.........................

दिपेन्द्र मनोहर चौधरी

नि. ब. कृषि अधिकृत

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

परियोजना कार्यान्वयन एकाइ, पर्सा ।

## प्रस्ताव आह्वान सम्बन्धि सूचना ।

**सूचना नं.:- ०७८/०७९-०४**

**प्रथम पटक सूचना प्रकाशन मितिः २०७८/०८/०३**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, पर्साको आ.व.२०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तरकारी जोन (**अनुसरण**) अन्तर्गतको कार्यक्षेत्र भित्रका यस एकाइमा सूचीकृत **कृषक समूह/ कृषि सहकारी/जल उपभोक्ता समिति/कृषि उद्यमीहरु** तरकारी जोन (**अनुसरण**) विकास कार्यक्रम अन्तर्गतको तपसिलमा उल्लेख भए अनुसारको कार्यक्रममा सहभागी हुन प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को अनुसूची-१० बमोजिमको ढाँचामा तथ्यांक फारम, प्रस्तावित क्रियाकलाप एवं आर्थिक विवरण सहितको आवेदन यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र (मिति २०७८/०८/२३ गते कार्यालय समय भित्र) पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| क्र.स. | कार्यक्रमहरु | माग संख्या | अनुदान रकम |
|---|---|---|---|
| १ | प्लाष्टिक मल्चिङ्ग प्रबर्द्धन | **८ हेक्टर** | कार्यक्रम अनुसार |
| २ | नेचुरल्ली भेन्टिलेटेड प्लाष्टिक घर भित्र व्यवसायिक नर्सरी तथा तरकारी उत्पादन कार्यक्रम | **१ पटक** | कार्यक्रम अनुसार |
| ३ | लहरे तरकारी बालीको लागि थाक्रा ५० प्रतिशत अनुदान | **१ पटक** | कार्यक्रम अनुसार |

**नोटः**

१. *परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को अनुसूची-१० बमोजिमको आवेदन फर्मेट/ढाँचा परियोजना कार्यान्वयन एकाई, पर्सा वा सम्बन्धित पालिकाको कृषि शाखाबाट प्राप्त गर्न सकिनेछ। अन्य कुनै थप जानकारी आवश्यक भएमा परियोजना कार्यान्वन एकाइ, पर्सा वा मोबाइल नं. ९८६०३२३१९९ (दीपेन्द्र चौधरी) वा मोबाइल नं. ९८६५१९३१७९ (रिफान चौधरी)मा सम्पर्क गर्न सकिनेछ।*

२. *परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को अनुसूची-१० बमोजिमको आवेदन फर्मेट/ढाँचामा उल्लेख भए अनुसारका कागजातहरु आवेदनका साथ अनिवार्य पेश गर्नु पर्नेछ।*

..................................

**नि. बरिष्ठ कृषि अधिकृत**

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

परियोजना कार्यान्वयन एकाइ, पर्सा ।

## सूचीकृत हुने सम्बन्धि सूचना ।

सूचना नं.:- ०७८/०७९-०६

दोश्रो पटक सूचना प्रकाशन मिति: २०७८/०८/०३

प्रस्तुत विषयमा परियोजना कार्यान्वयन एकाई, पर्साबाट नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७८/०५/२९ को निर्णयानुसार चालू आ.व. २०७८/०७९ को लागि निर्धारण भएको न्यूनतम समर्थन मूल्यमा कृषकबाट उत्पादित धान **न्यूनतम समर्थन मूल्यमा धान खरिद र व्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका, २०७७** बमोजिम खरिद गर्न इच्छुक कृषि सहकारी संस्थाहरुलाई सूचीकृत हुनका लागि २०७८/०७/०३ गते को मितिमा १५ दिने सूचना प्रकाशन गरिएको थियो । उक्त सूचनाको आधारमा सूचीकृत हुनका लागि रीतपूर्वक आवेदन नपेरको हुनाले तपसिलमा उल्लेख भए अनुसारका कागजातहरु सहित मिति २०७८/०८/०९ गते भित्र इच्छुक कृषि सहकारी संस्थाहरुलाई सूचीकृत हुनका लागि आवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आवेदन साथ अनिवार्य संलग्न गर्नुपर्ने कागजातहरु:**

१ सूचीकृत हुनको लागि रु.१० को टिकट टाँस गरिएको निवेदन ।

२ संस्था दर्ता प्रमाणपत्र प्रतिलिपि

३ आवेदक कृषि सहकारी संस्थाले संस्थाको शेयर पूँजी, कारोवार रकम, कार्य क्षेत्र, खरिद गर्न चाहेको स्थानिय तह र वडा, धानको परिमाण, किसिम, धान खरिदको लागि आवश्यक रकमको व्यवस्था तथा स्रोत, खरिद गरिने धानको ढुवानी, भण्डारण, प्रशोधन तथा व्यवस्थापन सम्बन्धि विवरण अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

४ न्यूनतम समर्थन मूल्यमा धान खरिद गर्ने सम्बन्धमा सूचीकृत हुनका लागि आवेदक संस्थाको कार्य समितिको निर्णयको प्रतिलिपि ।

५ आवेदक संस्थाको कार्य समितिले न्यूनतम समर्थन मूल्यमा धान खरिद, ढुवानी, भण्डारण तथा व्यवस्थापन सम्बन्धि विवरण सहितको निवेदन पेश गर्न आधिकारीक ब्यक्ति तोकेको सम्बन्धमा गरेको निर्णयको प्रतिलिपी ।

६ आवेदक संस्थाका अख्तियार प्राप्त व्यक्ति नागरिकता प्रमाण पत्र को प्रतिलिपि ।

७ आवेदक संस्थाको स्थायी लेखा नं.(PAN), आ.व. २०७७/७८ को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।

८ सम्बन्धित स्थानिय तहको सिफारिस ।

९ आवेदक संस्थाको नाममा बैंकमा रहेको खाता नं. खुल्ने कागजातको प्रतिलिपि (चेक बुक) ।

१० अन्य कुनै थप जानकारीको लागि परियोजना कार्यान्वयन एकाइ, पर्सा वा मोबाइल नं. ९८६०३२३१९९ (दीपेन्द्र चौधरी) वा मोबाइल नं. ९८६५१९३१७९ (रिफान चौधरी)मा सम्पर्क गर्न सकिनेछ ।

..................................

नि. बरिष्ठ कृषि अधिकृत

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

परियोजना कार्यान्वयन एकाइ, पर्सा ।

## प्रस्ताव आह्वान सम्बन्धि सूचना ।

**सूचना नं.:- ०७८/०७९-०५**

**प्रथम पटक सूचना प्रकाशन मितिः २०७८/०८/०३**

प्रस्तुत विषयमा परियोजना कार्यान्वयन एकाइ, पर्साको चालू आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको **चक्लाबन्दी खेती मार्फत न्यूनतम ५ हे क्षेत्रमा पोखरी निर्माण तथा माछा उत्पादन कार्यक्रम** सञ्चालन गर्न जिल्ला भित्रका इच्छुक योग्य आवेदकहरुले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को अनुसूची-१० बमोजिमको ढाँचामा तथ्यांक फारम, प्रस्तावित क्रियाकलाप एवं आर्थिक विवरण सहितको आवेदन मिति २०७८/०९/०२ गते कार्यालय समयभित्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नोटः**

१. *परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को अनुसूची-१० बमोजिमको आवेदन फर्मेट/ढाँचा परियोजना कार्यान्वयन एकाई, पर्साबाट प्राप्त गर्न सकिनेछ । अन्य कुनै थप जानकारी आवश्यक भएमा परियोजना कार्यान्विन एकाइ, पर्सा वा मोबाइल नं. ९८६०३२३१९९ (दीपेन्द्र चौधरी) वा मोबाइल नं. ९८६५१९३१७९ (रिफान चौधरी)मा सम्पर्क गर्न सकिनेछ ।*

**आवेदन साथ अनिवार्य संलग्न गर्नुपर्ने कागजातहरुः**

१ कार्यक्रममा सहभागिताका लागि रु.१० को टिकट टाँस गरिएको अनुसूची-१० बमोजिमको आवेदन ।

२ अनुसूची-१० बमोजिमको आवेदनका साथ माग भएका कागजातहरुको प्रतिलिपि (संस्था दर्ता प्रमाणपत्र, VAT/PAN दर्ता प्रमाण पत्र, आवेदकसंस्थाको कारोबार खुल्ने आ.व. २०७७/०७८ को लेखा परीक्षण प्रतिवेदन,... आदि)

३ परियोजना कार्यान्वयन एकाईमा आवेदन पेश गर्ने अधिकारिक/अख्तियार प्राप्त व्यक्ति तोकेको निर्णयको प्रतिलिपी ।

४ परियोजना अन्तर्गत आवेदन दिने तथा प्रस्तावित कार्यक्रमका लागि अनुदान माग सम्बन्धमा कार्य/संचालक समितिको निर्णयको प्रतिलिपि ।

५ आवेदन पेश गर्ने अधिकारिक/अख्तियार प्राप्त व्यक्तिको नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।

६ आवेदक संस्थाको नाममा बैंकमा रहेको खाता नं. खुल्ने कागजातको प्रतिलिपि ।

७ चक्लाबन्दी खेती मार्फत न्यूनतम ५ हे क्षेत्रमा पोखरी निर्माण तथा माछा उत्पादन कार्यक्रममा सहभागिताको लागि सम्बन्धित स्थानिय निकायको सिफारिश पत्र ।

८ कार्यक्रम सञ्चालन हुने स्थानको जग्गाको जग्गाधनी प्रमाणपत्रको प्रतिलिपी ।

....................

**नि. बरिष्ठ कृषि अधिकृत**